कावासोती नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

शिवमन्दिर, नवलपरासी (ब.सु.पूर्व)

गण्डकी प्रदेश, नेपाल

## सेवा करार सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशन मितिः २०७७/८/०९)

कावासोती नगरपालिकाका नवलपरासी (ब.सु.पूर्व) का लागि भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको भूमी सम्बन्धी समस्या समाधान सम्बन्धी कार्यका लागि यस नगरपालिकामा रहने "भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन इकाई" मा देहाय बमोजिमको जनशक्तिहरु आवश्यक परेकोले तोकिएको अवधिको लागिमात्र सेवा करारका लागि दरखास्त आव्हान गरिएको छ। योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयमा तोकिएको ढाँचामा पासपोर्ट साइजको दुईप्रति फोटो, नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र र अनुभवको प्रमाणपत्रको प्रतिलिपीहरु सहित आवेदन दिनुहुन अनुरोध छ।

| विज्ञापन नं. | पद/ तह | माग संख्या | करार अवधि | योग्य उमेर |
|---|---|---|---|---|
| २/०७७-७८ | अमिन | १ | ३ महिना (आवश्यकता अनुसार थप हुन सक्ने) | १८ बर्ष पुरा गरी ४५ बर्ष ननाघेको |
| ३/०७७-७८ | तथ्याङ्क संकलक | ६ | १ महिना १५ दिन | १८ बर्ष पुरा गरी ३५ बर्ष (महिलाको हकमा ४० बर्ष) ननाघेको |
| ४/०७७-७८ | फिल्ड सहयोगी | ३ | ३ महिना (आवश्यकता अनुसार थप हुन सक्ने) | १८ बर्ष पुरा गरी ३५ बर्ष ननाघेको |

क. **दरखास्त दिने अन्तिम मिति र दस्तुरः** सूचना प्रकासित भएको मितिले १५ दिन। दोब्बर दस्तुर तिरेर आवेदन दिने थप अवधिको सुविधा नभएको। दरखास्त दस्तुर रु. ५००/- ।
*अनलाइनबाट आवेदन दिन चाहने आवेदकहरुको लागि तल लिंक दिईएको छ। राष्ट्रिय बाणिज्य बैंकको कावासोती शाखामा रहेको यस कावासोती नगरपालिकाको खाता नं. ३२००१००३०१०१०००३ मा परीक्षा दस्तुर जम्मा गर्न वा कार्यालयको राजश्व शाखामा नगदै जम्मा गर्न सकिनेछ।*

ख. **शैक्षिक योग्यताः** (१) अमिन पदको लागि कम्तिमा प्रवेशीका उत्तीर्ण भई प्राविधिक तथा व्यवसायिक तालिम परिषद् (CTEVT) बाट अमिन कोर्ष पुरा गरेको (२) तथ्याङ्क संकलकको लागि मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रवेशिका वा सो सरह उत्तीर्ण गरी कम्प्युटर सञ्चालनमा कम्तिमा तिन महिनाको आधारभूत तालिम प्राप्त गरेको (३) फिल्ड सहयोगीको लागि साधारण लेखपढ गर्न सक्ने

ग. **छनौट विधिः (१) संक्षिप्त सूची प्रकाशनः** कावासोती नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ बमोजिम तोकिएको मापदण्ड र अङ्कका आधारमा संक्षिप्त सूची प्रकाशन गरिनेछ

**(२) अन्तरवार्ताः** संक्षिप्त सूचीमा सूचीकृत भएका भएका उम्मेदवारहरुले मात्र अन्तवार्तामा सहभागी हुन पाउनेछन् । अन्तवार्तामा अधिकतम ३० अंक।

(३) प्रयोगात्मक परीक्षाः तथ्याङ्क संकलक पदको लागि कम्प्युटर सीपको ५० पूर्णाङ्कको प्रयोगात्मक परीक्षा हुनेछ।

(यज्ञ पुरी)
प्रमुख प्रशासकीय अधिकृत

यज्ञ पुरी
प्रमुख प्रशासकीय अधिकृत